# छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जोरपाटी, धनकुटा

☎ ०२६-४०४१९६/☎ ०२६-४०४१९९
chhatharjorpatigapa@gmail.com
Info@chhatharjorpatimun.gov.np
chhatharjorpatimun.gov.np

कोशी प्रदेश, नेपाल


पत्र संख्या : ०८१।०८२
चलानी नं.

मिति:- २०८२।०३।३२

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी सूचना

यस छथर जोरपाटी गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहनु भएका लाभग्राहीहरु **(जेष्ठ नागरिक ७० वर्ष भन्दा माथि, जेष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा)** को **श्रावण १ गते देखि भाद्र मसान्त** सम्ममा **फिंगर प्रिन्ट Fingerprint scanner** बाट नविकरण गरिने भएको हुँदा सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु हुन सम्बन्धित सबै लाभग्राहीहरुमा यो सूचना प्रकाशन गरिन्छ ।

**बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकहरुको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि लाभग्राहीहरुको रुपमा सूचीकरण वा नविकरण हुनेछ ।**

**मिति श्रावण १ देखि भाद्र मसान्त सम्म अनिवार्य रुपमा नविकरण गरिसक्नु पर्नेछ ।**

**नविकरण गर्न आवश्यक कागजातहरु**

१. राष्ट्रिय परिचय पत्र आवेदन वा राष्ट्रिय परिचयपत्र कार्ड
२. सामाजिक सुरक्षा परिचयपत्र

**नयाँ दर्ता गर्न आवश्यक कागजातहरु**

१. राष्ट्रिय परिचयपत्र आवेदन वा राष्ट्रिय परिचयपत्र कार्ड
२. नागरिकताको प्रतिलिपि
३. बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि
४. विधवाको हकमा पतिको मृत्यु दर्ताको प्रमाण पत्र र अर्को विवाह नगरेको वडाको प्रमाणित सिफारिस ।
५. एकल महिला ६० वर्ष उमेर पुगेका (अविवाहित) हकमा विवाह नगरेको वडाको प्रमाणित सिफारिस ।
६. अपाङ्गता भएको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।

**नोट:- तोकिएको समयमा कसैले नविकरण नगराएमा MIS प्रणालीबाट स्वत: नाम हट्ने छ र त्यस अवधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।**
**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा पुन: नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्नेछ ।**

२०८२।०३।३२

..................
निर्मला सुवेदी
नि. प्रमुख प्रशासकीय अधिकृत